# दशौँ एशिया प्यासिफिक सम्मेलन
# भाषा निर्देशिका

आत्महत्या बारे सार्वजनिक संचार गर्ने उत्कृष्ट अभ्यासहरुका लागि अस्ट्रेलियाको Mindframe निर्देशिका पालना गर्न प्रतिनिधिहरूलाई आग्रह गरिन्छ । यसको उद्देश्य आत्महत्या र यसका जटिलताहरूबारे चेतना र बुझाइ बढाउँदै हानिको जोखिम कम गर्ने रहेको छ ।

## भाषा निर्देशिका

आत्महत्याको बारेमा छलफल गर्दा निश्चित भाषाहरुले समस्या निम्त्याउन सक्छ । तलको भाषा निर्देशिकाले समस्या निम्त्याउने भाषाका केही उदाहरणहरू प्रदान गर्दछ र सुरक्षित विकल्पहरूको सुझाव दिन्छ ।

| ✗ समस्या निम्त्याउन सक्ने | ✓ विकल्प |
|---|---|
| 'आत्महत्या गरेको' वा 'आत्महत्या गर्नु' | 'आत्महत्या बाट मृत्यु भएको' वा 'आफ्नो ज्यान लिएको' वा 'आत्महत्या मृत्यु' |
| 'आत्महत्याको असफल प्रयास' वा 'आत्महत्याको प्रयास सफल हुन नसकेको' | 'आत्महत्याको प्रयास' वा 'अघातक आत्महत्या प्रयास' |
| 'आत्महत्याको महामारी' | 'बढ्दो आत्महत्याको दर' वा 'उच्च आत्महत्या दर' |

## आत्महत्याको विधि र स्थानको विवरण नबताउनुहोस् वा नलेख्नुहोस्

अनुसन्धानका अनुसार आत्महत्याको विधि वा स्थानको विवरण समावेश गरिएको सार्वजनिक सञ्चारले आत्महत्याको दर बढाउँछ र यो आत्महत्याको विधि/स्थानको अनुकरणसँग पनि सम्बन्धित छ ।

| ✗ समस्या निम्त्याउन सक्ने | ✓ विकल्प |
|---|---|
| आत्महत्याको तरिका वा स्थान बारे विवरण | विधि वा स्थानको विवरण नराख्ने । यदि आवश्यक छ भने, विशिष्ट विवरणहरूको सट्टा सामान्य शब्दहरु प्रयोग गर्नुहोस् |
| आत्महत्याको तरिका वा स्थान देखाउने तस्बिरहरु | आत्महत्याको विधि वा स्थान देखाउने कुनै फोटो, चित्र, रेखाचित्र वा भिडियो नराख्ने |

थप जानकारीको लागि, कृपया यहाँ जानुहोस्:

- *Mindframe:* www.mindframe.org.au
- IASP: www.iasp.info
- कोभिड–१९ को समयमा आत्महत्याको जिम्मेवार रिपोर्टिङ: https://youtu.be/gozDLnnuo7A
- यदि सहयोगको आवश्यकता छ भने, कृपया 'हेल्पलाइन खोज्नुहोस्' अनलाइन उपकरणमा जानुहोस्: www.iasp.info/resources/Crisis_Centres/

Mindframe

IASP APAC 2022 GOLD COAST